श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९ को दफा ५ को उपदफा (१) बमोजिम जारी गरेको खण्ड २० मिति २०२७।१।१८ गतेको नेपाल राजपत्रमा प्रकाशित सूचनाको देहाय २ को सट्टा निम्नलिखित देहाय २ राखी देहाय ३ थप गरिएकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

(२) नेपाली र भारतीय नागरिकहरूले नेपाल अधिराज्यभित्र प्रवेश गर्दा आफूसंग भएको विदेशी मुद्राहरूको रकम भन्सार अड्डाको अधिकारीछेउ नेपाल राष्ट्र बैंकले तोकिदिएको प्रज्ञापन-पत्रमा (Exchange declaration form) घोषित गरेर मात्र ल्याउन पाउने।

(३) नेपाली र भारतीय नागरिकहरू बाहेक अन्य विदेशी नागरिकहरूले नेपाल अधिराज्यभित्र प्रवेश गर्दा श्री ५ को सरकार, पर्यटन विभागबाट जारी गरिएको डिसइम्बार्केशन कार्डमा आफूसंग भएको नगद विदेशी मुद्रा घोषित गरेर मात्र ल्याउन पाउने।

### सूचना २

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी कान्ति ईश्वरी शिशु विद्यालय त्रिपुरेश्वर, काठमाडौंले आफ्नो नाममा खरीद गर्ने नेपाल आएका पर्यटकले कार्नेअन्तर्गत ल्याएको भक्स वाइगन कम्पनीले बनाएको च्यासिस नं. ए. एस. ३८६९२१ इन्जिन नं. २१६२११४३४९ को भक्स वाइगन–१ (एक) को आयातमा लाग्ने भन्सार महसूल र बिक्रीकर पूर्णरूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

### सूचना ३

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी ज्ञानोदय बाल वाटिका प्राथमिक आवाशीय विद्यालय, ललितपुरले आफ्नो नाममा खरीद गर्ने नेपाल आएका पर्यटकले कार्नेअन्तर्गत ल्याएको डाएम्लर बेन्ज कम्पनीले बनाएको च्यासिस नं. ३०९४२५–१३–१५६४०४ इन्जिन नं. ३१४९४८–१०–१६४८८६को मिनीबस–१ (एक) को आयातमा लाग्ने भन्सार महसूल र बिक्रीकर पूर्णरूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।